तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गोईठी, सप्तरी
मधेश प्रदेश, नेपाल

Website:www.tirahutmun.gov.np
Email: info@tirahutmun.gov.np
Contact No: 9852860107

पत्र संख्या :२०७८/०७९
चलानी नं. : ९६९८

मिति : २०७९/०३/१३

## दर्ता शिविर संचालन हुने सम्बन्धि अत्यन्त जरुरी सूचना ।

उपरोक्त सम्वन्धमा यस गाउँपालिकामा स्थाई बसोबास गर्ने नागरिकको जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्वन्ध विच्छेद जस्ता घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता बारे सूचना लिने, विवरण दर्ता गराउने तथा सामाजिक सुरक्षा र व्यक्तिगत घटना सम्वन्धि गुनासोहरु दर्ता तथा सुनुवाई गर्ने उद्देश्यले दर्ता शिविर संचालन हुदैछ । यस तिरहुत गाउँपालिकाको ५ वटै वडामा तपसिल बमोजिमको मिति, समय र पायक पर्ने स्थानमा संचालन हुने दर्ता शिविरमा सहभागी भई आफ्ना विवरण बुझाई घरदैलो लाभ लिनहुन अनुरोध छ ।

### तपसिल

**पहिलो चरण**

| मिति | वडा नं. | स्थान | समय | कैफियत |
|---|---|---|---|---|
| २०७९ असार १५, १६ र १७ गते | १ | १ नं. वडा कार्यालय, छेउ मन्दिरमा | विहान १०:०० बजे देखि ५:०० बजे सम्म । | |
| | २ | श्री चुमनहरि जनता मा.वि.मयनाकडेरी | | |
| | ३ | साविक वडा नं.५ को रामजानकी मन्दिरमा | | |
| | ४ | विरताटोल धर्मशालामा | | |
| | ५ | ५ नं. वडा कार्यालय नजिक मन्दिरमा | | |

**दोश्रो चरण**

| मिति | वडा नं. | स्थान | समय | कैफियत |
|---|---|---|---|---|
| २०७९ असार १८, १९ र २० गते | १ | श्री रा.प्रा.वि. प्रसैला टोल | विहान १०:०० बजे देखि ५:०० बजे सम्म । | |
| | २ | श्री हनुमान मन्दिर नजिक कुवाटर चौक | | |
| | ३ | साविक वडा नं.३ मा हनुमानमन्दिरमा | | |
| | ४ | डिहवार बाबा मन्दिर नजिक | | |
| | ५ | श्री स.ज.मा.वि. लोहजारा | | |

२०७९/३/१३
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

तेस्रो चिरण

| मिति | वडा नं. | स्थान | समय | कैफियत |
|---|---|---|---|---|
| २०७९ असार २१, २२ र २३ गते | १ | वि.पी.रा.प्रा.वि. धनपुरी | विहान १०:०० बजे देखि ५:०० बजे सम्म । | |
| | २ | श्री रा.प्रा.वि.बडहारा | | |
| | ३ | श्री रा प्रा वि प्रिप्राही | | |
| | ४ | वडा कार्यालय नजिक डिमन मा.वि. | | |
| | ५ | श्री रा.प्रा.वि.बुधेवा | | |

व्यक्तिगत घटना दर्ताको लागि निम्न बमोजिमका कागजात र सूचक आफै आवश्यक पर्दछ :–

| घटना : | सूचक : | संलग्न गर्नुपर्ने कागजातहरु : |
|---|---|---|
| जन्म | ➢ बाबु वा आमा,<br>➢ बाबु वा आमा नभएको प्रमाणित भएमा बाबु तर्फको हजूरबुवा वा हजूरआमा वा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति । | ➢ सूचकको सहिछाप सहितको सूचना फारम,<br>➢ सूचकको नागरिकताको प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा जन्म भएको भए जन्म प्रतिवेदन वा प्रमाण,<br>➢ घरमा जन्म भएको भए खोप लगाएको प्रमाण । |
| मृत्यु | ➢ बावु वा आमा वा पत्ति वा पत्नी वा छोरा वा छोरी,<br>➢ उल्लेखित सूचक नभएको प्रमाणित भएमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति । | ➢ सूचकको सहिछाप सहितको सूचना फारम,<br>➢ मृतकको नागरिकता प्रमाणपत्र वा जन्म दर्ता,<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा मृत्यु भएमा प्रतिवेदन वा प्रमाणपत्र । |
| विवाह | ➢ पत्ति र पत्नी दुवै जना । | ➢ सूचकको सहिछाप सहितको सूचना फारम,<br>➢ पतिको नागरिकता प्रमाणपत्र,<br>➢ पत्नीको नागरिकता प्रमाणपत्र वा जन्मदर्त्ता प्रमाणपत्र,<br>➢ पति/पत्नीको २/२ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो । |
| बसाई सराई | ➢ बसाई सरी जाने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य । | ➢ सूचकको सहिछाप सहितको लगत हस्तान्तरण फारम,<br>➢ सूचकको नागरिकाता प्रमाणपत्र । |
| | ➢ बसाई सरी आउने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य । | ➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ लगत हस्तान्तरणको सक्कल फारम । |
| सम्बन्ध विच्छेद | ➢ पति वा पत्नी । | ➢ सूचकको सहिछाप सहितको सूचना फारम,<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ अदालतको निर्णय वा फैसलाको प्रतिलिपी । |

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

सामाजिक सुरक्षा भत्ताको लागी निम्न बमोजिमका कागजात तथा योग्यता आवश्यक पर्दछ :–

| लक्षित समूह : | उपसमुह : | शर्तहरु : | संलग्न गर्नुपर्ने कागजात : |
|---|---|---|---|
| जेष्ठ नागरिक भत्ता | जेष्ठ नागरिक ७० वर्ष माथि | ➢७० वर्ष उमेर पुरा भएका नेपाली नागरिक। | ➢नेपाली नागरिकाताको प्रमाणपत्र,<br>➢स्थायी ठेगाना फरक परेमा बसाई-सराई दर्ताको प्रमाणपत्र,<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती। |
| | जेष्ठ नागरिक दलित | ➢६० वर्ष उमेर पुरा भएका र राष्ट्रिय दलित आयोगमा सूचिकृत नेपाली नागरिक। | ➢नेपाली नागरिकताको प्रमाणपत्र,<br>➢दलित जाती खुल्ने प्रमाणपत्र,<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती। |
| | एकल महिला | ➢अविवाहिता वा अदालतवाट भएको सम्बन्ध विच्छेद वा न्यायीक पृथकिकरण वा विधुवा भएको प्रमाण र ६० वर्ष पुरा भएका महिला। | ➢नेपाली नागरिकता प्रमाणपत्र,<br>➢अविवाहिता वा अदालतबाट सम्बन्ध विच्छेद/न्यायीक पृथकिकरण वा पातिको मृत्यु भएको प्रमाण पत्र,<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती। |
| विधवा | विधवा | ➢पतिको मृत्यु दर्ता प्रमाणपत्र र अर्को विवाह नगरेको सिफारिस भएका नेपाली नागरिक। | ➢नेपाली नागरिकताको प्रमाणपत्र,<br>➢पतिको मृत्यु दर्ता प्रमाणपत्र,<br>➢अर्को विवाह नभएको सम्बन्धित वडा कार्यालयको सिफारिस,<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती। |
| अपाङ्गता भत्ता | अति असक्त अपाङ्ग | ➢प्रचलित कानून बमोजिम क वर्गको अपाङ्गता परिचयपत्र प्राप्त भएको नेपाली नागरिक। | ➢नेपाली नागरिकताको प्रमाणपत्र,<br>➢क वर्गको अपाङ्गता परिचयपत्र,<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती। |
| | आसिंक अपाङ्ग | ➢प्रचलित कानून बमोजिम ख वर्गको अपाङ्गता परिचयपत्र प्राप्त भएको नेपाली नागरिक। | ➢नेपाली नागरिकताको प्रमाणपत्र,<br>➢ख वर्गको अपाङ्गता परिचयपत्र,<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती। |
| बाल पोषण भत्ता | क्षेत्र तोकिएको बालबालिका | ➢स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा जन्मदर्ता गराएका ५ वर्ष मुनि बालकालिका। | ➢बालबालिकाको जन्मदर्ता प्रमाणपत्र,<br>➢संरक्षकको नागरिकता प्रमाणपत्र।<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती। |

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

| | | | |
|---|---|---|---|
| | दलित बालबालिका | ➢ स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा जन्मदर्ता गराएका ५ वर्ष मुनि बालकालिका । | ➢ बालबालिकाको जन्मदर्ता प्रमाणपत्र,<br>➢ संरक्षकको नागरिकता प्रमाणपत्र ।<br>➢ हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती । |

**नोट :-** व्यक्तिगत घटना दर्ता नगरी बसेका सेवाग्राही र सामाजिक सुरक्षा भत्ताका लागि योग्य व्यक्ति भएपनि निवेदन दिन छुटेका लाभग्राहीहरुले दर्ता शिविरमा निवेदन पेश गर्न सक्नेछन् । तर यस अघि सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका वा वडा कार्यालयमा निवेदन दिई सकेका र जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनादर्ता गरिसकेका तथा कानूनी व्यवस्थानुसार दर्ता गर्न नमिल्ने व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताको निवेदन शिविरमा संकलन गरिने छैन ।

**थप जानकारीको लागी :**

पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा, तिरहुत गा.पा. गोईठी, सप्तरी ।

सम्पर्क नं. ९८०४७०६८०२/९८५२८२२२४१

(अशोक कुमार सिंह)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री गा.पा.अध्यक्ष/उपाध्यक्ष ज्यू, तिरहुत गाउँपालिका गोईठी, सप्तरी ।

श्री शिक्षा शाखा, तिरहुत गाउँपालिका गोईठी सप्तारी ।

(सबै विद्यालयका सम्पूर्ण विद्यार्थीहरु मार्फत अभिभावकहरुलाई सूचना प्रवाहको साथै दर्ता स्थल रहेको सम्बन्धित विद्यालयलाई अवगतार्थ को लागि)

श्री स्वास्थ्य शाखा, तिरहुत गाउँपालिका गोईठी, सप्तरी ।

(सबै स्वास्थ्य संस्था मार्फत सूचना प्रवाह गरिदिनुहुन)



CamScanner